# जहाँ नवदुलहीले खोला तरे अनिवार्य बलि चढाउनुपर्ने अनौठो चलन छ



NARJUNG TAMANG

खोला तरेपछि आफन्तजनसँगै पूजा गर्न आएका नवदुलहा दुलही

त्रिचन्द्र कलेज काठमाण्डूमा स्नातक तहमा अध्ययनरत उनी कुवाडो देउतालाई बलि चढाएपछि भने गर्भ पनि रहेको र अरू तनावबाट पनि मुक्ति मिलेको अच्चमको अनुभूति भएको दाबी गर्छन्।

मनदत्तजस्तै बझाङ, बाजुरा, हुम्ला र मुगुबासीले कवाडी खोला तारेर नयाँ दुलही घर भित्र्याउँदाअनिवार्य रूपमा बलि दिँदै आएका छन्।

हुम्ला र बाजुरा जिल्लाको सिमाना भएर बग्ने कवाडी खोलामा बाजुराको हिमाली गाउँपालिकाको ठुले र हुम्लाको ताजाकोट गाउँपालिकाको काँडागाउँ जोडने बेलीब्रिज छ।

**जुम्लामा छोरा र बुहारी सँगसँगै पढ्न जाने चलन बढ्दो क्रममा**
१६ नोभेम्बर २०२३

**‘भूतलाई अलमल्याउन’ हुम्लामा मनाइने अनौठो खालको चैतलो पर्व**
१२ मार्च २०२३

## नयाँ यातायातका साधन र पशुचौपाया किन्दा पनि बलि अनिवार्य



NARJUNG TAMANG

कुवाडो देउताको थानमा आएर पूजा गरिरहेका सर्वसाधारण

त्यही बेलिब्रिजको छेउमै रहेको कुवाडो देउताको थानमा आएर गाउँलेले कुवाडो देउतालाई बलि चढाएर पूजा गर्ने चलन छ।

उक्त खोला पहिलोपटक तर्ने जो कोही नवदुलहीले आइतवार बाहेक अरू बारमा आएर पूजा गर्नु पर्ने मान्यता छ।

प्रायजसो माघे र साउने पूर्णिमाको दिनमा बलि चढाएर पूजा गर्ने गरिन्छ।

- कर्णालीमा घरका मूल ढोका र मन्दिरमा किन भेडाका आकृति कुँदिन्छन्?
- संस्कृति: धूमधामसँग 'छोरा तिहार' मनाउने डोल्पा र जुम्लाको अनौठो चलन

यो चलन बाजेबराजुको पालादेखि चल्दै आएको ताजाकोटका कर्णप्रसाद जैसीले बताए।

"यदि दुलहा पक्षले नदिए दुलही पक्षले भए पनि कुवाडो देवतालाई बलि दिनुपर्छ," उनले भने।

कवाडी खोला पहिलोपटक तरेका नयाँ यातायातका साधन, गाईगोरु, भैँसीजस्ता पशुचौपाया किनेर ल्याउँदा पनि बलि दिने चलन छ ।

गाउँलेहरूका अनुसार त्यहाँ रहेको प्रहरी चौकीमा आउने कतिपय नयाँ प्रहरीले समेत कुवाडो देउतालाई बलि चढाउने गरेका छन्।

## कुवाडो देवतालाई सम्झने चलन



NARJUNG TAMANG

नयाँ पशु चौपाया किनेर खोला तराएपछि कुखुराको बलि दिएर पूजा गर्दै गरेका एकजना स्थानीयबासी

नयाँ विवाह गरी कवाडी पुल वारपार गरेपछि बलि दिनुपर्छ भन्ने चलन पहिल्यै देखि चलेको हो।

पुलनजिकै कवाडो देउताको थानमा बलि दिन दिनहुँ जसो मान्छेहरू आउँछन्।

नयाँ विवाह गर्दा, नयाँ वस्तु किन्दा सबैभन्दा पहिला कुवाडो देवतालाई सम्झने चलन रहेको स्थानीय राजबहादुर धामी बताउँछन्।

उनी भन्छन्, "यदि कुवाडो देउतालाई नसम्झने हो भने बच्चाबच्ची नहुने, गाइभैँसीले दुध नदिने, गाईभैँसी थारिने (बाँझो हुने), परिवारमा बेमेल हुने, गाडीको इन्जिन विग्रनेजस्ता समस्या आइपर्ने यहाँ मान्यता छ।"

विदेश र छिमेकी मुलुक भारतबाट कमाइ गरेर घर फर्कने कतिपय गाउँलेहरूले समते बलि चढाउँछन्।

- कर्णालीः के बिहे गर्न जान लागेको छोरालाई आमाले साँच्चै स्तनपान गराउँछन्? कहाँ छ यस्तो चलन?
- दशैँ: कर्णालीमा किन मान्यजनले पनि आफूभन्दा सानाको हातबाट टीका-जमरा लगाउँछन्

स्थानीय तहमा व्याप्त उक्त मान्यताकै कारण हरेक व्यक्तिले आफ्नो गच्छे अनुसार (हुने खानेले बोका र नहुनेले कुखुरा) को बलि चढाउँछन्।

विशेषगरी दुलही भित्र्याउँदा बोका र पशुचौपाया किनेर ल्याउँदा कुखुराको बलि दिने चलन छ।

बलिको साथै कुवाडो देवतालाई खिचडी, पुरी रोटी, धजा र घण्टीहरू समेत चढाइन्छ ।

## सुत्केरी र महिनावारी भएका महिलाले खोला तर्दैनन्

**फेसबुक, इन्स्टाग्राम र ट्विटरमा पनि हाम्रा सामग्री हेर्न सक्नुहुन्छ। अनि बीबीसी नेपाली सेवाको कार्यक्रम बेलुकी पौने नौ बजे रेडिओमा सोमवारदेखि शुक्रवारसम्म सुन्न सक्नुहुन्छ।**

## सम्बन्धित सामग्री

महिला
कर्णाली प्रदेश
नेपाल

## मुख्य समाचार

**टी२० विश्वकपः बाङ्ग्लादेशसँगको खेलमा नेपाल कहाँ चुक्यो**
१७ जुन २०२४

**उत्तर कोरियासँग ‘प्रगाढ सम्बन्ध’ बनाउने प्रयासमा रुस, ‘जिद्दी’ पुटिनद्वारा पश्चिमा विश्वको उपहास**
१७ जुन २०२४

**सिख नेताको हत्या गर्न खोजेको आरोप लागेका भारतीय नागरिक अमेरिका सुपुर्दगी**
१७ जुन २०२४

## अनि यो पनि



थाईल्यान्डमा जुम्ल्याहा छावाको 'दुर्लभ जन्म'






यूरो २०२४ः युरोपेली फुटबलको सबैभन्दा ठूलो प्रतियोगिताबारे जान्नैपर्ने कुरा

१५ जुन २०२४

## धेरै पढिएको

१ टी२० विश्वकपः बाङ्ग्लादेशसँगको खेलमा नेपाल कहाँ चुक्यो

२ उत्तर कोरियासँग ‘प्रगाढ सम्बन्ध’ बनाउने प्रयासमा रुस, ‘जिद्दी’ पुटिनद्वारा पश्चिमा विश्वको उपहास

३ नेपालका खोलानालामा 'बनमारा' जसरी फैलिँदै छ मिचाहा प्रजातिको विदेशी माछा

४ सिख नेताको हत्या गर्न खोजेको आरोप लागेका भारतीय नागरिक अमेरिका सुपुर्दगी

५ सन्दीप लामिछानेले बनाए टी२०आईमा १०० विकेटको कीर्तिमान